# गोल्डेन नेपाल मार्केटिङ प्रा. लि. तथा वितरक बीचको
## सम्झौता पत्र

**१. प्रस्तावना/प्रारम्भ**

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहि रुपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा न. ८ मा रजिष्ट्रर्ड कार्यालय रहेको **गोल्डेन नेपाल मार्केटिङ प्रा.लि. दर्ता नं.२५४९८९/०७७/०७८** (यस पछि प्रथम पक्ष भनिनेछ) तथा ..............................................................को नाति/नातिनी ..........................................................को छोरा/छोरी.......................................जिल्ला .....................................पालिका वडा नं................मा बस्ने बर्ष............को/की श्री ............................................ .................................(यस पछि दोस्रो पक्ष भनिनेछ) । हामी दुई पक्ष बीच तपशिलमा लेखिएका शर्तहरुको पालना गर्ने, काम, कर्तब्य, अधिकार, जिम्मेवारी पूरा गर्ने एवम सेवा, सुबिधा, कमिशन र बोनस दिने/पाउने गरि राजि खुशिका साथ किनाराका साक्षीहरुको रोहबरमा **गोल्डेन नेपाल मार्केटिङ प्रा.लि.** को कार्यालय बुटवल-८ मा बसी बस्तुको प्रत्यक्ष बिक्रि (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा १४, वस्तुको प्रत्यक्ष बिक्री ( व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम ९ बमोजिम यो सम्झौता पत्रको ३ प्रति तयार गरि सहिछाप गरि १ प्रति वस्तुको प्रत्यक्ष बिक्रि गर्ने ईजाजत प्रदान गर्ने वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग समक्ष बुझाउने गरि दुबै पक्षले १/१ प्रति बुझि लियौं दियौं ।

**२. प्रथम पक्षले पालना गर्नु पर्ने शर्तहरु :**

(क) वस्तुको प्रत्यक्ष बिक्रि (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावलि २०७६ तथा यस सम्झौता पत्रमा उल्लेखित शर्तहरुको एवम उपभोक्ता हित संरक्षणका लागि दोस्रो पक्षलाई तालिम एवम क्षमता बिकासका विभिन्न माध्यमबाट प्रशिक्षित गराउनेछ ।

(ख) दोस्रो पक्षका मागका आधारमा बिक्रि वितरण गर्ने वस्तु यथोचित समयमै उपलब्ध गराउनेछ ।

(ग) बिक्रि र वितरण गर्ने वस्तुहरुको मुल्य सहितको सुची समयमै दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।

(घ) दोस्रो पक्ष एवम उपभोक्तालाई समय सिमा तोकि वस्तु बिक्रि वितरण वा उपभोग गर्ने पर्ने गरी परिमाण/मात्रा तोक्न पाईने छैन ।

(ङ) दोस्रो पक्षलाई वस्तु बिक्रि वितरण गरेको परिमाणका आधारमा कम्पनीको व्यावसायिक कार्य योजनामा उल्लेखित भए अनुसार नै कमिसन वा बोनस वा छुट वा अन्य सेवा सुबिधा स्वरुप उपलब्ध गराउनु पर्नेछ ।

(च) दोस्रो पक्षलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउनु पर्नेछ ।

(छ) कम्पनीको आधिकारिक परिचय पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ज) बिक्रि वितरणका लागि बिक्रि कक्ष वा उपभोक्ता/क्रेता सम्म पुऱ्याउँदा लाग्ने ढुवानी भाडा तथा बिक्रि कक्षको भाडा वापतको रकम ब्यहोर्ने ।

(झ) बोनस उपलब्ध गराउने भए तत् सम्बन्धी व्यवस्था उल्लेख गर्ने ।

**३. दोस्रो पक्षले पालना गर्नुपर्ने :**

(क) प्रथम पक्षले उपलब्ध गराएको सुची वमोजिमका वस्तुहरु मात्र बिक्रि वितरण गर्नु पर्नेछ । बिक्रि वितरण गरिने वस्तुहरुको विवरण अनुसुचीमा संलग्ल गर्ने ।

(ख) प्रथम पक्षबाट बिक्री बितरणका लागि प्राप्त वस्तु बिक्रि बितरण गरि प्रत्येक अंग्रेजी महिनाको मसान्त सम्ममा बिक्रि वितरणको फरफारक गरिसक्नु पर्नेछ ।

(ग) उपरोक्त (क) बमोजिम वस्तुको बिक्रि वितरण गर्दा बिक्रि गरिने वस्तुका बारेमा ग्राहक/उपभोक्ता लाई जानकारी गराई राजी खुशीले मात्र खरिद गर्नका लागि प्रोत्साहित गर्नु पर्नेछ ।

(घ) उपभोक्तालाई भ्रम पार्ने वा कुनै प्रकारले अनुचित प्रभावमा पार्ने कार्य गर्न पाउने छैन । त्यस्तो कार्य गरेमा कानुन बमोजिम कार्बाहीको भागिदार हुनु पर्नेछ ।

(ङ) ग्राहक वा उपभोक्ताले खरिद गर्न चाहेको वस्तु निजले प्राप्त नगरे सम्म उक्त वस्तुको मुल्य वापतको रकम असुल गर्नु हुदैन ।

(च) आफु मातहत रहने गरि सशर्त वा निशर्त कसैलाई पनि कुनै शिर्षक दिई वा नदिई बस्तु बिक्रि वितरण गर्न गराउन वा बजारिकरण लगायतका कार्य गर्न गराउन पाईने छैन ।

(छ) उपरोक्त (क) बमोजिम बिक्रि वितरण गरेको वस्तुको परिमाणका आधारमा प्रथम पक्षबाट कम्पनीको व्यावसायिक कार्ययोजनामा उल्लेख भए अनुसारको कमिसन स्वरुप प्राप्त हुनेछ ।

(ज) दोस्रो पक्षले प्रथम पक्षबाट आफुलाई प्राप्त बस्तुहरुको उपभोग म्याद समाप्त भएमा वा बिग्रिएमा वा भत्किएमा उपभोक्तालाई बिक्रि गर्न पाईने छैन । त्यस्तो वस्तु प्रथम पक्षलाई ३० दिन भित्र बुझाउनु पर्नेछ ।

**४. समग्र शर्तहरु :**

(क) उल्लेखित शर्तहरुको सकारात्मक व्याख्या गरी ईमान्दारी पुर्वक पालना गर्नु दुबै पक्षको कर्तव्य हुनेछ । दुबै पक्षको सहमति तथा वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा यसमा लेखिएको शर्तहरु मात्र परिवर्तन गर्न सकिनेछ ।

(ख) यो सम्झौताको अवधि ५ वर्ष सम्म कायम हुनेछ । उक्त अवधि समाप्त नहुदै सम्झौता भंग गर्नु पर्ने अबस्थामा भंग गर्न चाहने पक्षले अर्को पक्षलाई ४५ दिन अगावै जानकारी दिनु पर्नेछ ।

(ग) वस्तुको प्रत्यक्ष बिक्रि (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४, नियमावली २०७६ तथा वस्तुको प्रत्यक्ष बिक्रि वितरण सम्बन्धी निर्देशिका, २०७८ का प्राबधानहरु तथा वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षणविभागले समय समयमा दिने निर्देशन समेत यस संम्झौताका अंग हुनेछन् र सो को पालना गर्नु दुबै पक्षको जिम्मेवारी एवम कर्तब्य हुनेछ ।

(घ) दुई पक्षबीच कुनै बिबाद भएमा आपसी सहमतिमा विवादसमाधान गरिनेछ ।

(ङ) सम्झौतामा उल्लेखित कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

| **प्रथम पक्षको तर्फ देखि** | **दोस्रो पक्षको तर्फ देखि** |
|---|---|
| ............................... | सहि : |
| मधु ढकाल उपाध्याय | नाम : |
| (सञ्चालक) | |

**साक्षीहरु**

१. ......................जिल्ला.......................पालिका वडा नं....... मा बस्ने बर्ष..........को/की श्री .......................................................१। (दोस्रो पक्ष)

२. ......................जिल्ला.......................पालिका वडा नं....... मा बस्ने बर्ष..........को/की श्री .......................................................१। (दोस्रो पक्ष)

ईति सम्बत ..................... साल .......................... महिना ....................गते ..........................रोज शुभम् ।।।।।